तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०८२ साल भाद्र १८ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ३७ औ वैठकका निर्णयहरु।**

ङ)तुलसीपुर उपमहानगरपालिका वडा न. १८ मा रहेको बेलझुण्डी सह-लगानी खानेपानी तथा सरसफाई आयोजना सञ्चालनका लागि मिति २०७८-०९-०८ मा नगर विकास कोष र वेलझुण्डी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था विच ऋण सम्झौता भएकोमा हाल सो आयोजना सम्पन्न हुँदा Variation order र मुल्य समायोजन वापतको थप रकम आवश्यक परेकाले नगर विकास कोष र उपभोक्ता सस्थाबाट हुने ऋण लगानी सम्झौतामा तुलसीपुर उपमहानगरपालिका धन जमानी वस्ने तथा सो ऋण सम्झौताको धन जमानीमा नगरकार्यपालिकाको तर्फवाट हस्ताक्षर गर्न यस तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख श्री टिकाराम खड्कालाई अख्तियारी दिने निर्णय गरियो।

च) लुम्विनी प्रदेश सरकारबाट प्राप्त शसर्त. अनुदान अन्तर्गत तुलसीपुर उपमहानगरपालिका वडा नं १४ ड्वाङपुर नगर स्वास्थ्य केन्द्रलाई रु. २० लाख विनियोजन भएको तथा तुलसीपुरको दक्षिण क्षेत्रलाई आकस्मिक अवस्थामा हस्पिटलको पहुँच उपलव्ध गराउन पर्याप्त मात्रामा एम्वुलेन्स नभएका कारण सहज रुपमा सेवा उपलव्ध हुन नसक्ने अवस्था रहेकाले उक्त संस्थाले सञ्चालन र व्यवस्थापन गर्ने गरी १ थान एम्वुलेन्स खरिद गर्ने निर्णय गरियो।
साथै उक्त एम्वुलेन्स खरिद गर्दा लाग्ने भन्सार लगायत सबै कर छुटका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने तथा एम्वुलेन्स सञ्चालनको अनुमतिका लागि एम्बुलेन्स चालक संघ जिल्ला दाङलाई अनुरोध गरी पठाउने र यान्त्रिक कार्यालय घोराही दाङमा "ख" वर्गको एम्वुलेन्सको लागि technical specification तथा cost estimate माग गरी खरिद प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख